नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाइट: www.daolalitpur.moha.gov.np

पत्र संख्या:
चलानी नं.:

मिति: २०७८।११।२०

# जिल्ला प्रशासन कार्यालय,ललितपुरबाट जारी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएका निर्णयहरु, कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको सिफारिश, कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८, संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ समेतले दिएको अधिकार प्रयोग गरी यस कार्यालयबाट विभिन्न मितिमा आदेश जारी भएकोमा हाल कोभिड-१९ को संक्रमण घट्दै गएकोले मिति २०७८।११।२१ देखि लागू हुने गरी प्रचलित कानून बमोजिमका राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक, व्यवसायिक लगायतका क्रियाकलापहरु प्रचलित स्वास्थ्य मापदण्डको पालना, गरी, गराई नियमित रुपमा संचालन गर्न, गराउन यस अघि जारी भएका आदेशहरुमा भएका प्रतिबन्धात्मक व्यवस्थाहरु पूर्ण रुपमा हटाइएको व्यहोरा जानकारी गराइन्छ ।कोरोना महामारीको कठिन समयमा जारी आदेशको परिपालना गरी संक्रमण रोकथाममा सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद व्यक्त गर्दछु ।

घनश्याम उपाध्याय
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी